# परिशिष्ट २

# आदिवासी/जनजातिको सूची

| | | | |
|---|---|---|---|
| १. | किसान | २. | कुमाल |
| ३. | कुशवाडिया | ४. | कुशुण्डा |
| ५. | गनगाई | ६. | गुरुङ्ग |
| ७. | चेपाङ्ग | ८. | छन्त्याल |
| ९. | छैरोतन | १०. | जिरेल |
| ११. | झांगड | १२. | डोल्पो |
| १३. | ताङ्गवे | १४. | ताजपुरिया |
| १५. | तामाङ्ग | १६. | तीन गाउँले थकाली |
| १७. | तोप्केगोला | १८. | थकाली |
| १९. | थामी | २०. | थारु |
| २१. | थुदाम | २२. | दनुवार |
| २३. | दराई | २४. | दुरा |
| २५. | धानुक (राजवंशी) | २६. | धिमाल |
| २७. | नेवार | २८. | पहरी |
| २९. | फ्री | ३०. | वनकरिया |
| ३१. | बरामो | ३२. | बाह्र गाउले |
| ३३. | बोटे | ३४. | भूजेल |
| ३५. | भोटे | ३६. | मगर |
| ३७. | माझी | ३८. | मार्फली थकाली |
| ३९. | मुगाली | ४०. | मेचे (वोडो) |
| ४१. | याक्खा | ४२. | राई |
| ४३. | राउटे | ४४. | राजवंशी (कोच) |
| ४५. | राझी | ४६. | लार्के |
| ४७. | लिम्बु | ४८. | लेप्चा |
| ४९. | ल्होपा | ५०. | ल्हामी (शिङसावा) |
| ५१. | वालुङ्ग | ५२. | व्यासी |
| ५३. | शेर्पा | ५४. | सतार (सन्थाल) |
| ५५. | सियार | ५६. | सुनुवार |
| ५७. | सुरेल | ५८. | हायु |
| ५९ | ह्योल्मो | | |

श्रोतः **आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८** को अनुसूची दफा (२) को खण्ड (क), पृ. १८०-१८१।

# परिशिष्ट ३

नयनाथ पौडेलद्धारा लिखित **भाषावंशावली**मा किरात राजाहरुको नामवली र शासन अवधी निम्न प्रकार दिएको पाइन्छ[1]:-

| | | | |
|---|---|---|---|
| १. श्रीयलम्ब भोग वर्ष | ९० | १५. अस्य पुत्र श्रीराजा गोघ्री भोगवर्ष | ५९/६ |
| २. अस्य पुत्र श्रीराजा पंवी भोगवर्ष | ७९/३ | १६. अस्य पुत्र श्रीराजा जने भोगवर्ष | ७३/२ |
| ३. अस्य पुत्र श्रीराजा धस्कन भोगवर्ष | ३७ | १७. अस्य पुत्र श्रीराजा लुके भोगवर्ष | ६०/१ |
| ४. अस्य पुत्र श्रीराजा बलंव भोगवर्ष | ३१/६ | १८. अस्य पुत्र श्रीराजा थोर भोगवर्ष | ७१ |
| ५. अस्य पुत्र हिन्ति राजा हिन्ति भोगवर्ष | ४१/३ | १९. अस्य पुत्र श्रीराजा थोको भोगवर्ष | ८३ |
| ६. अस्य पुत्र श्रीराजा हुमती भोगवर्ष | ५० | २०. अस्य पुत्र श्रीराजा वर्मा भोगवष | ७३/६ |
| ७. अस्य पुत्र श्रीराजा तस्क भोगवर्ष | ४१/८ | २१. अस्य पुत्र श्रीराजा गुज भोगवर्ष | ७२/२ |
| ८. अस्य पुत्र श्रीराजा सुयस्य भोगवर्ष | ३८/६ | २२. अस्य पुत्र श्रीराजा तुस्क भोगवर्ष | ८१ |
| ९. अस्य पुत्र श्रीराजा पर्व भोगवर्ष | ५६ | २३. अस्य पुत्र श्रीराजा सुमकै भोगवर्ष | ५६ |
| १०. अस्य पुत्र श्रीराजा जितेदास भोगवर्ष | ६० | २४. अस्य पुत्र श्रीराजा असु भोगवर्ष | ५८ |
| ११. अस्य पुत्र श्रीराजा पंच भोगवर्ष | ७१ | २५. अस्य पुत्र श्रीराजा संग भोगवर्ष | ६३ |
| १२. अस्य पुत्र श्रीराजा कैके भोगवर्ष | ५६ | २६. अस्य पुत्र श्रीराजा गुनंज भोगवर्ष | ७४ |
| १३. अस्य पुत्र श्रीराजा स्वनन्द भोगवर्ष | ५०/८ | २७. अस्य पुत्र श्रीराजा खिचु भोगवर्ष | ७५ |
| १४. अस्य पुत्र श्रीराजा थुंको भोगवर्ष | ५८ | २८. अस्य पुत्र श्रीराजा गलिज भोगवर्ष | ८१ |

जम्मा २८ पुस्ताका राजाहरुको शासन आवधि १७४० वर्ष ३ महिना ।

[1].श्रोतः नायनाथ पौडेल, (सम्पादक), **भाषावंशावली,** (काठमाण्डौं: पुरातत्व विभाग), वि. सं. २०२०, पृ. ४६-५०

# परिशिष्ट ४

योगी नरहरिनाथलक अनुसार किरातहरु राजाहरुको नामवली र शासन अवधी निम्न प्रकार दिएको पाइन्छ[२] :-

| | | | |
|---|---|---|---|
| १. ॥ राजा श्रीएलम्वर्ष | ९० ॥ | १७. ॥ राजा श्रीशिंषु वर्ष | ४९ मा ६ ॥ |
| २. ॥ राजा श्रीपलं वर्ष | ८१ ॥ | १८. ॥ राजा श्रीजुलं वर्ष | ७३ मा ३ ॥ |
| ३. ॥ राज श्रीमलं वर्ष | ८९ ॥ | १९. ॥ राजा श्रीलुकं वर्ष | ४० ॥ |
| ४. ॥ राजा श्रीचेमिं वर्ष | ४२ ॥ | २०. ॥ राजा श्रीथोरम्वर्ष | ७१ ॥ |
| ५. ॥ राजा श्री धस्कं वर्ष | ३७ ॥ | २१. ॥ राजा श्रीथुंको वर्ष | ८३ ॥ |
| ६. ॥ राजा श्रीवलुंच वर्ष | ३१ मा ६ ॥ | २२. ॥ राजा श्रीवर्म्म वर्ष | ७३ मा ६ ॥ |
| ७. ॥ राजा श्रीहुंति वर्ष | ४० मा ८ ॥ | २३. ॥ राजा श्रीगुंजं वर्ष | ७२ मा ७ ॥ |
| ८. ॥ राजा श्रीहुर्रमा वर्ष | ५० ॥ | २४. ॥ राजा श्रीपुस्क वर्ष | ८१ ॥ |
| ९. ॥ राजा श्रीतुस्क वर्ष | ४१ मा ८ ॥ | २५. ॥ राजा श्रीसत्यपमी वर्ष | १४ ॥ |
| १०. ॥ राजा श्रीप्रसफुं वर्ष | ३८ मा ६ ॥ | २६. ॥ राजा श्रीमुगमम्वर्ष | ५८ ॥ |
| ११. ॥ राजा श्रीपर्व वर्ष | ४६ ॥ | २७. ॥ राजा श्रीधसकं वर्ष | ६३ ॥ |
| १२. ॥ राजा श्रीदास्ती वर्ष | ४० ॥ | २८. ॥ राजा श्रीजुणां वर्ष | ७४ ॥ |
| १३. ॥ राजा श्रीचम्व वर्ष | ७१ ॥ | २९. ॥ राजा श्रीखिंवु वर्ष | ७६ ॥ |
| १४. ॥ राजा श्रीश्रीकंकं वर्ष | ५४ ॥ | ३०. ॥ राजा श्रीगिरिजं वर्ष | ८१ ॥ |
| १५. ॥ राजा श्रीस्वनन्द वर्ष | ४० मा ६ ॥ | ३१. ॥ राजा श्रीखुरांज वर्ष | १८ ॥ |
| १६. ॥ राजा श्रीफुकों वर्ष | ५८ ॥ | ३२. ॥ राजा श्रीखिगु वर्ष | ८५ ॥ |

जम्मा ३२ राजाहरुको शासन अवधि १८६३ वर्ष ८ महिना ।

२. श्रोतः योगी नरहरिनाथ, **इतिहासप्रकाशमा** सन्धिपत्रसंग्रह, (दाङ्गः आध्यात्मिक संमेलन), वि. सं. २०२२, पृ. २५५

# परिशिष्ट ५

कोलोनेल कर्कपेट्रिका अनुसार किरात राजाहरुको नामावली र शासनअवधि निम्न प्रकारको उल्लेख गरको छ[3] :-

| King | Reigned Years | Months |
|---|---|---|
| Yelung | 90 | 3 |
| Duskham | 37 | 0 |
| Ballancha | 31 | 6 |
| Kingly | 41 | 1 |
| Hunnanter | 50 | 0 |
| Tuskhah | 41 | 8 |
| Sroopust | 38 | 6 |
| Purb | 56 | 0 |
| Jetydastry | 60 | 0 |
| Punchem | 71 | 0 |
| King-king-king | 56 | 0 |
| Soonund | 50 | 8 |
| Thoomoo | 58 | 0 |
| Jaighree | 60 | 1 |
| Jaighree | 60 | 1 |
| Jenneo | 73 | 2 |
| Suenkeh | 60 | 1 |
| Thoor | 71 | 0 |
| Thamoo | 83 | 0 |
| Burmah | 73 | 6 |
| Gunjeh | 72 | 7 |
| Kush Koon | not khnown | |
| Teeshoo | 56 | 0 |
| Soogmeea | 59 | 0 |
| Joosha | 63 | 0 |
| Gontho | 74 | 0 |
| Khembhoom | 74 | 0 |
| Gully Jung | 81 | 0 |
| | 1581 | 1 |

[3]. Source: Kolonel Kirkpatric, **An Account of the Kingdom of Nepal,** (New Delhi: Manjusri Publishing House), 1969), P. 257-258

# परिशिष्ट ६

धनवज्र वज्राचार्य र कमल प्र. मल्लले लेखेको द गोपालराज वंशावली नामक पुस्तकमा भएको विवरण अनुसार किरात राजाहरुको नामावली र शासनअवधी निम्नानुसार देखिन्छ[४]:-

१. राजा श्रीएलम्  वर्ष ९० ॥
२. राजा श्रीपेलं  वर्ष ८१ ॥
३. राजा श्रीमेलं  वर्ष ८९ ॥
४. राजा श्रीचंमिं  वर्ष ४२ ॥
५. राजा श्रीधस्क  वर्ष ३७ ॥
६ राजा श्रीवलुंच  वर्ष ३१ मा ६ ।
७. राजा श्रीहुंतिं  वर्ष ४० मा ८ ।
८. राजा श्रीहुरमा  वर्ष ५० ॥
९. राजा श्रीतुस्के  वर्ष ४१ मा ८ ।
१०. राजा श्रीप्रसफुं  वर्ष ३८ मा ६ ।
११. राजा श्रीपवः  वर्ष ४६ ॥
१२. राजा श्रीदास्ती  वर्ष ४० ॥
१३. राजा श्रीचम्व  वर्ष ७१ ॥
१४. राजा श्रीकंकं  वर्ष ५४ ॥
१५. राजा श्रीस्वनन्द  वर्ष ४० मा ६ ।
१६. राजा श्रीफुकों  वर्ष ५८ ॥
१७. राजा श्रीशिंघु  वर्ष ४९ मा ६ ।
१८. राजा श्रीजुलम्  वर्ष ७३ मा ३ ।
१९. राजा श्रीलुकं  वर्ष ४० ॥
२०. राजा श्रीथोरम्  वर्ष ७१ ॥
२१. राजा श्रीथुको  वर्ष ८३ ॥
२२. राजा श्रीवर्म्म  वर्ष ७३ मा ६ ।
२३. राजा श्रीगुंजं  वर्ष ७२ मा ७ ।
२४. राजा श्रीपुस्क  वर्ष ८१ ॥
२५. राजा श्रीत्यपमि  वर्ष ५४ ॥
२६. राजा श्रीमुगमम्  वर्ष ५८ ॥
२७. राजा श्रीशसरु  वर्ष ६३ ॥
२८. राजा श्रीगुंणं  वर्ष ७४ ॥
२९. राजा श्रीखिम्बुंः  वर्ष ७६ ॥
३०. राजा श्रीगिरिजं  वर्ष ८१ ॥
३१. राजा श्रीखुरांज  वर्ष ७८ ॥
३२. राजा श्रीखिगु  वर्ष ८५ ॥

जम्मा ३२ पुस्ताका राजाहरुको शासन अवधि १९६३ वर्ष ८ महिना ।

[४]. श्रोतः धनवज्र वज्राचार्य र कमल प्र. मल्ल, (संपादकहरु), **द गोपालराज वंशावली,** (काठमाडौं : त्रिभुवन युनिभर्सिटी), वि. सं.२०४२, पृ. २५-४३

# परिशिष्ट ७

स्वामी प्रपन्नाचार्यका अनुसार किरात राजाहरुको नामावली र शासनअवधि निम्न प्रकार पाइन्छ[५] :-

| | | | |
|---|---|---|---|
| १. श्री यलम्बर राजाको वर्ष | ९० | १५. गिंधि राजाले | ५९ |
| २. मनवीर राजाले वर्ष | ७९ | १६. जने राजाले | ७३ |
| ३. धस्कन्द राजाले वर्ष | ३७ | १७. लुके राजाले | ६० |
| ४. बलंच राजाले | ३१/६ | १८. थरि राजाले | ७१ |
| ५. रुति राजाले | ४१/१ | १९. थोको राजाले | ८३ |
| ६. हुमति राजाले | ५० | २०. चन्मान् राजाले | ७३ |
| ७. तुस्कर राजाले | ४१/८ | २१. गुञ्ज राजाले | ७२ |
| ८. सुय राजाले | ३८/६ | २२. पुष्कर राजाले | ८१ |
| ९. पर्ध राजाले | ५६ | २३. केसु राजाले | ५६ |
| १०. जितेदस्ती राजाले | ६० | २४. सुगु राजाले | ५८ |
| ११. पञ्च राजाले | ७१ | २५. संस राजाले | ६३ |
| १२. केके राजाले | ५६ | २६. जुञ्ज राजाले | ७४ |
| १३. स्वनन्दा राजाले | ५० | २७. गलिञ्जे राजाले | ८१ |
| १४. थुंकोमान राजाले | ५८ | २८. वैज राजाले | ७३ |

जम्मा २८ पुस्ताका राजाहरुको शासन अवधि १७३६ वर्ष ।

[५]. श्रोतः स्वामी प्रपन्नाचार्य, **वेदमा के छ ?** (ललितपुरः साझा प्रकासन, छैटौं संस्करण), वि. सं. २०६०, पृ. १५६-१५७

# परिशिष्ट ८

गोरखाका राजा पृथ्वीनारायण शाहभन्दा अगाडी अर्थात शाके १३०० अगाडीको सिंजा क्षेत्रमा रहेका खस मल्लकालिन केही ऐतिहासिक प्रमाणका कनकपत्र, ताम्रपत्र र त्यसका अनुवाद संबन्धि विवरणहरु । जस्मा जगज्ज्येष्ठ अपाडराज जुमला सैँजाधिराज पुण्यमल्लदेवको श्रीशाके १२५८ को कनकपत्र १ को विवरणको छायाँप्रति ।[६]

### जगज्ज्येष्ठ अपाडराज जुमला सेँजाधिराज पुण्यमल्लदेवको कनकपत्र १

[१] ॐ स्वस्ति ॥ सुमेरुसानुसन्निभादभ्राभ्रंलिहकनककलशसंशोभितवरविहारमनोहरविपणिश्रो ( श्रे ) [२] णिसमुपविष्टसौराज्यसंतुष्टमहाजनतरुणीविहितनृत्योत्सवप्रहतमंड्मुरजजीमूतस्तनि [३] तप्रमुदितशिखण्डिमण्ड-लविहितताण्डवाडंवरे । अंवरधुनीवंधुवंधुरवंहीयःसमुल्लसद्विमलक [४] ल्लोलगिरिकल्लोलिनीलोलव ल्लोलहिंदोलखेलन्-मरालीपक्षपालीपक्षविक्षोभर्विच्छिन्नशिशिरशीक [५] रासारवाहिगंधवाहावधूनितपु ( पू ) गपुन्नागचंपकाशोककुरवकव-कुललवलीलवंगसंविद्ध मुग्धस्कं [६] धमाकन्दमंड्लमंजरीरजःपुंजपिंजरितपरिसरे । श्रीमति सेंजाभिधानवरनगरे ॥ गरुडध्वजावता [७] रापारसंसारसागरोत्तारसेतुभूतापघनश्रीघनाराधनाधिगतप्राज्यराज्यरक्षाक्षमप्रचंडनिजभुजदंडच्चं [८] डिमसमाक्रान्तविराटपीठाधिष्ठितप्रतिष्ठितेष्टदेवतापरिचर्यापरायण. राजचक्रनारायण. गार्ग्यायण [९] गौतमात्रि-हारीतापस्तंवादिधर्मराजनीतिशास्त्रनिपुणप्रष्ठ. अपाडराजजगज्जे (ज्ज्ये) ष्ठराजतारातरणिप्र [१०] भृतिविरुदावली-विराजमानपरमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीमत्पुण्यमल्लदेवाः सा [११] न्तःपुरपरिवाराः सकुमाराश्चिरं जयन्तु ॥ श्रीशाके १२५८ कात्तिक सुदि विजयदशम्यां रविवारे ॥ पिड थपु [१२] राज करि अक्ल्या भाखा पसा भै ॥ राइको आदेस् ॥ [१३] हुम. दाँगका. पेखक. अडै. अधिकारि महर मँहँतौ सभौ [१४] प्रति सुना र. तामाशासन्. कनकपत्रकि भाष् करि जयाकर पँडितँ. चतुःसीमापर्यन्त विशुद्ध आचँद्रा [१५] कँस्थायी सेवबाधाविनिर्मुक्त करि पसा करि अक्ल्याँ छुँ. पुण्यमल्लकि शाखा. यो भाषा प्रतिपाल. जया [१६] कर पंडितँको पूत् नाति भाइ भतिजा चेलिका चेला आदि भुँचन्. वस्यो रस्यो देखि [१७] कोहि उलटा पलटि कर्न न पाँवन. आपनँ उचितै करि जयाकर पंडितै हुँयन्. अत्र [१८] साक्षिणौ सूर्याचंद्रमसौ. बुद्धधर्मसंहाः । लंवपादानां चत्वारि स्थानानि. सर्वे हिताः [१९] सर्वे भाँडागारिणः ॥ दिक्करिकूर्मकुलाचलफणिपतिविधृतापि चलति वसुधेयं.प्रति [२०] पन्नममलमनसां न चलति पुंसां युगान्तेपि ॥ षष्टिर्वर्षसहस्राणां स्वर्गे तिष्ठति भूमिदः । [२१] आच्छेत्ता चानुमन्ता च तामेव नरके वसेत् ॥ शत्रुणापि कृतो धर्मः पालनीयः प्रयत्न [२२] तः । शत्रुरेव हि शत्रुः स्याद्धर्मः शत्रुर्न कस्यचित् ॥ लिखितं श्रीगोल्हणेन । शिवमस्तु ॥ श्रीः ॥ [मुद्रा] पुण्यमल्ल

[६]. श्रोतः योगी नरहरिनाथ, **इतिहासप्रकाशमा** सन्धिपत्रसंग्रह, ( दाङ्गः आध्यात्मिक संमेलन), वि. सं. २०२२, पृ. ७६१

## ( अनुवाद )

ॐ स्वस्ति ॥ सुमेरु पर्वतका टाकुरा जस्ता धेरै मेघलाई छुने [ अग्ला ] सुनका कलशले शोभित राम्रा विहार [ मन्दिर चैत्य भवन आदि ] ले मनोहर पसलहरुका पङ्क्तिहरुमा वसेकी उत्तम राजा हुनाले प्रसन्न भएकी महाजनकी तरुणीहरुले गरिएका नाचका उत्सवमा वजाइएका सुन्दर बाजा रूपी मेघका गर्जनाले प्रसन्न भएका मुजुरका वथानले नाचको आडम्बर गरिएको, गङ्गा जस्ता उँचा नीचा ठूला निर्मल लहरी भएका पर्वतका नदीहरुका [हिमगङ्गा आदिका] चञ्चल लहरीका पिङ्मा खेल्ने राजहंसीका पखेटा फट्फट् पार्नाले उछिट्टाइएका शीतल जलकणहरु लैजाने वायुले कँपाइए का सुपारी पुन्नाग [ चिलाउने ] चाँप अशोक कुरवक मौलश्री लवली ल्वाङ् आदि लहरा रुखहरु सित सम्मिलित भएका राम्रा ठूल ठूला काँध र हाँगा भएका जाति सुगन्ध आउने फल फुल भएका आमका मनोहर मञ्जरीहरुका पहेला परागका पुञ्जहरुले वरीपरि पिजरापारिएका श्री (शोभा र सम्पत्ति) सम्पन्न सिंजा नामका उत्तम राजधानी नगरमा गरुडध्वज विष्णुका अवतार अपार संसाररूपी समुद्र तराउन साँगू स्वरूप भएका अनघ दयालु बुद्धको आराधन गर्नाले प्राप्त ठूलो राज्यको रक्षा गर्ने क्षमता भएका प्रचण्ड आफ्ना बाहुदण्डका प्रचण्डताले आक्रमण गरिएका विराटपीठमा अधिष्ठित प्रतिष्ठा गरिएका इष्ट देवताहरुको परिचर्या [ सेवा पूजा ] आदि गर्नमा तत्पर भएका राजचक्रनारायण [ चक्रवर्ती ] गार्ग्यायण गौतम अत्रि हारीत आपस्तम्ब आदिले वनाएका धर्मशास्त्र, राजनीतिशास्त्रहरुमा निपुण भएकाहरुमध्ये प्रथम अपाड-राज जगज्ज्येष्ठ [ अपार राष्ट्र कसैले कुनै प्रकारले पार गर्न न सकिने जगत् भरीमा जेठा हिमाली राष्ट्रका अधिराज ] भूमण्डलका राजाहरुरूपी तारागणमा सूर्यनारायण भएका इत्यादि विरुदावलीहरुले विराजमान परमभट्टारक [ सार्वभौम सम्राट् ] महाराजाधिराज परमेश्वर श्रीमान् पुण्यमल्लदेव महारानी परिवार पुरवासी जनपदनिवासी जनताहरु र राज-



[ वडा दशैं कुमार सहित चिरकाल संम विजय गर्दै रहुन्। शाके सम्वत् १२५८ कार्तिक शुक्लपक्ष विजया दशमीका दिन [ वडा दशैं टीका ] रविवारमा। जुम्ला राजधानी पिउथपुर्मा राजगरी रहनु भएका बेला यो भाषा प्रसाद [बिर्ता] दिनुहुन्छ। राजा को आदेश यस्तो छ। हुम्ला दाङ्गका पेखक [ प्रेक्षक=निरीक्षक पेख अछाम विनायक आदिका ] अडै [ अराए वमोजिम काम गर्ने ] अधिकारी [वैधानिक अधिकार पाएर काम गर्ने] महर [महरा=महतारा=महत्=मगर आदि] महतौं [ चौधरी थारु आदि ] सवै प्रति। सुन र तामाको शासन कनकपत्रको भाषा गरी जयाकर पण्डितलाई चारै सीमा सम्म विशुद्ध चन्द्र सूर्य रहुञ्जेल सम्म स्थायी सवै बाधाहरु देखी मुक्त गरी प्रसाद [ विर्ता ] गरी दिएको छु। पुण्यमल्लका शाखा आदिले यो भाषाको प्रतिपालन गरुन्। जयाकर पण्डितका पुत्र नाती भाइ भतिजा छोरीका छोरा आदिले भोगुन्, वस्ति बसाई रत्ति रसाई वसे रसेको देखि कोही पनि उल्टा पाल्टी गर्न न पाउन्. आफ्नु उचितै गरी जयाकर पण्डित नै वेहोरुन् यस्मा साक्षी सूर्य चन्द्रमा बुद्ध धर्म सङ्घ। लामा ग्यूहरुका चारै थाने [ कैलास, खेचर, सिंजा छिर्छीलामागुम्बा, कर्णाली मूल गुम्बा अथवा सुर्खेत काँक्रेविहार, लुम्बिनी बुद्धगया सारनाथ कुशीनगर ? ] सवै मित्रराष्ट्रहरु, सवै जङ्गी निजामति कर्म-चारिहरु। दिग्गज कूर्म कुलाचल. शेषनागहरुले धारण गरिएकी यो पृथ्वी पनि बिचलित हुन्छ। तर निर्मल मन भएका मनुष्यहरुको प्रतिज्ञा प्रलयमा पनि विचलित हुँदैन। साठी हजार वर्षसम्म भूमिदाता स्वर्गमा वास गर्छ, भूमि हरण गर्ने र हर्न अनुमति दिने साठी हजार वर्ष संम नरकमा पर्छ त्यत्तिनै नरकमा वास होस्। शत्रुले गरेको धर्मको पनि प्रयत्न पूर्वक पालन गर्नु पर्छ, किनकि शत्रु मात्र शत्रु हुन्छ धर्म कसैको शत्रु हुँदैन। लेखे श्री गोल्हणले। कल्याण होस्। [ चारपाटे छापका माझमा कदलीदलाकार दुर्गाखाँडापत देवीका खड्गका चार कुनामा पु ण्य म ल्ल भन्ने चार अक्षर अङ्कित छन्।]

# परिशिष्ट ९

चक्रवर्ती सम्राट् अपाडराज जुमलेश्वर पुण्यमल्लदेवको श्रीशाके १२५९ को कनकपत्र २ को विवरणको छायाँप्रति ।[७]

## चक्रवर्ती सम्राट् अपाडराज जुमलेश्वर पुण्यमल्लदेवको कनकपत्र २

ॐ स्वस्ति ॥ समस्तमेदिनीवलयतलमिलदमंदस्फारसंभारसौरभ्यसुन्दरसरलसालतालतमालहिन्तालताली-लवलीलवंगपूगपुन्नागचंपकाशोकतिलककुरवकवकुलसंविद्धमुग्धस्कंधमाकन्दमंजुलमंजरीरजःपुञ्जपिंजरितपर्याप्तपरिसरे।

सरससरभससंल्लापलीलाविलोलयौवनोद्दामकामकमनीयकामिनीकेलिचंक्रमणरणरणायितकनकनूपुररवाकर्ण-नाकंठोत्कंठिताक्रीडसरसीसुकुशेशयोद्दण्डनालकाण्डकण्डूयणकुण्डलितकन्धरालीमरालीमल्लिकाक्षपक्षपालीविक्षोभ - विक्षिप्तशिशिरशीकरासारवाहिगंधवाहापनीतसुरतभरखिन्नसुप्तसीमन्तिनीनिदा - शीकरकणनिकरे ।

करदीकृतकोंकणकर्णाटलाटमुरलकेरलडहालांगवंगकालिंगमिथिलमालवनेपालगुर्जरजालंधरांध्रप्रमुखमेदिनीनाथ-संसेव्यमानास्थानीनिकेतनाजिरे। श्रीमति सेंजापुरे।

परमभट्टारकमहाराजाधिराजपरमेश्वरपरमसौगतकुलकमलविकाशनैकमार्त्तण्डः प्रचण्डनिजभुजदण्डचण्डिमा-क्रान्तविराटपीठाधिष्ठितप्रतिष्ठितेष्टदेवतापरिचर्यापरायणराजचक्रनारायणः गार्ग्यायणगौतमादिप्रणीतनीतिशास्त्रनिपुणः प्रष्ठअपाडराजजगज्ज्येष्ठ। अदीक्षितराजदीक्षाशिक्षागुरु-राजताराराततरणिप्रभृतिनिजविमलविरुदावलीविराजमान० धर्म-पालमहीपालश्रीपुण्यमल्लदेवाः सान्तःपुरसकुमाराः सुचिरं विजयिनो भवन्तु ॥

श्रीशाके १२५६ वैशाष सुदि १३ रवौ पिउथपुं राज करि अक्न्या भाषा पसा भै। राइको आदेस ।

## ( अनुवाद )

ॐ स्वस्ति समस्त भूमण्डलका···कर दिने गरेका कोंकण कर्णाट लाट मुरल केरल डहाल (बुन्देलखण्डादि) अङ्ग बङ्ग कलिङ्ग मिथिला-विदेह तीरभुक्त मालव नेपाल गुंजर जालन्धर आन्ध्र इत्यादि देशका प्रमुख राजाहरुले सेवा गरियेका आँगनयुक्त राजसभा भवन भयेका श्रीसम्पन्न जुमला सिंजा राजधानीमा। परम भट्टारक महाराजाधिराज परमेश्वर परमसौ-गतकुलरूपी कमलको विकाश गर्ने अद्वितीय सूर्य-मार्त्तण्ड, प्रचण्ड, निज भुजदण्डका चण्डिमाले आक्रान्त विराटपीठकनक-सुन्दरीको कनकगढ लामाथाडा (छाना) को अपाडराजसिंहासनमा अधिराज भयेर विराजमान प्रतिष्ठा गरियेका इष्टदेवता-हरुको सब प्रकार सेवामा तत्पर राजचक्रनारायण (समस्त राजाहरुका चक्रवर्ती) गार्ग्यायण गौतम आदि महर्षिहरुले बनायेका नीतिशास्त्रहरुमा निपुणतम, अपाडराज-अपारराज जगज्ज्येष्ठ-जगत् भरीमा जेठा, अदीक्षित राजाहरुलाइ दीक्षा र शिक्षा दिने गुरु, राजाहरुरूपी तारागणमा सूर्य भयेका, राजताराराततरणि इत्यादि निज निर्मल विरुदावली-कीर्तिमालाले विराजमान, धर्म-पाल-धर्मरक्षक महीपाल [ धर्मपाल महीपाल नाम भएका राजका सन्तान ] पृथ्वीका पालक पोषक राजा श्रीपुण्यमल्लदेव अन्तपुर-रनवास-खोपी र राजकुमार सहित चिरकालपर्यन्त विजयी होउन् ( छन् )। श्रीशाके १२५६ वैशाख शुक्लपक्ष १३ त्रयोदशी रविवारका दिन पिउथपुं-वैराठविराटपीठ सिंजा लामाथाडा माथि डाँडामा राज गरेर विर्ताको भाषा-कनकपत्र प्रतिज्ञा प्रसाद प्रदान भयो। राइको आदेस-राजाको आदेश ।

[७]. श्रोतः **ऐजन,** पृ. ७६२-७६३

# परिशिष्ट १०

पुण्यमल्लपुत्र पृथ्वीमल्लको ताम्रपत्रको विवरणको छायाँप्रति ।[८]

## पुण्यमल्लपुत्र पृथ्वीमल्लको ताम्रपत्र

(२) ॐस्वस्ति। अनिंधनसमिद्धोद्गच्छज्ज्वालाजालजिह्वालप्रत्यक्षवैश्वानरत्रयाधिष्ठानपरमपावनश्रीदुल्लंघ्यनगरे। गरुडध्वजावतारापारसंसारसागरोत्तारसेतुभूतापघनश्रीघनाराधनाधिगतप्राज्यराज्यरक्षाक्षमप्रचंडनिजभुजदंडचंडिमसमाक्रान्तविराटपीठाधिष्ठितप्रतिष्ठितेष्टदेवतापरिचर्यापरायण। राजावलिनारायण। गार्ग्यायणगौतमादिप्रणीतराजनीतिशास्त्रप्रवीणप्रष्ठ। अपाडराजजगज्ज्येष्ठ। अदीक्षितराजदीक्षाशिक्षागुरु। राजतारातरणिप्रभृतिविरुदावलीविराजमानपरमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीमत्पृथ्वीमल्लदेवपादाः सान्तःपुरसपरिवाराः सकुमाराः सर्वत्र विजयिनः। श्रीशाके १२८० श्रीसंवत् १४१५ मार्गशिरवदि १३ सोमे। राइको आदेस्।

सूर्यचन्द्र वैजयन्तीयुक्त खड्गाङ्क मुद्रा–(पृ थ्वी म ल्ल। सूर्य चन्द्र शंख खड्ग राष्ट्रध्वज (आदि चिन्ह)

२ ॐ स्वस्ति। इन्धन घ्यू तेल दियालो दाउरा आदि विना समिद्ध जाज्वल्यमान उद्गच्छत्-उभो निकली रहेका ज्वालाका जालले जिह्वाल प्रशस्त जिह्वा भयेका तीन प्रत्यक्ष वैश्वानर शिरस्थान नाभिस्थान पादस्थानमा साक्षात् वैदिक देवता अग्निको अधिष्ठान (स्थायी निवास स्थान) हुनाले परम पावन (अति पवित्र) श्रीदुल्लंघ्यनगर ( श्रीसम्पन्न दुल्लू राजधानी)मा। विष्णुका अवतार अपार संसार सागर वाट पारी जाने सांघु भयेका निष्कल्मष शाक्यसिंह बुद्धका आराधनाले अधिकार गरेका प्राज्यराज्य (विशाल साम्राज्य)को रक्षा गर्न समर्थ प्रचण्ड आफ्ना भुजदण्डका चण्डिमा (उग्रता) ले सबै तिर राम्रो संग आक्रमण गरियेका विराटदेशका पीठ (सिंहासनमा) अधिष्ठित (अधिष्ठाता भयेर) विराजमान भयेका प्रतिष्ठा गरियेका इष्टदेवताहरुको सेवामा तत्पर भयेका राजवलि नारायण (राजावलि-राजाहरुका चक्रमा नारायण समान भयेका!) इत्यादि अनुसन्धेय ऐतिहासिक पद भयेका गार्ग्यायण गौतम आदि नीतिज्ञहरुले बनायेका राजनीतिशास्त्रमा कुशल भयेकाहरु मध्ये धुरन्धर विद्वान् भयेका अपाडराज जगज्ज्येष्ठ ( अपारराज र जगत् भरिमा सब प्रकार जेठा ) इत्यादि अनुसन्धेय लोकोत्तर यथार्थ पदवी भयेका अदीक्षितराजदीक्षाशिक्षागुरु ( दीक्षा न भयेका राजाहरु लाइ स्वधर्मदीक्षा र सब प्रकार शिक्षा दिने) गुरु भयेका राजतारातरणिप्रभृतिविरुदावलीविराजमान–(राजाहरुरुपी ताराहरुका मण्डमा सूर्य भयेका इत्यादि अन्वर्थअनेक ) विरुदावली-कीर्तिमालाले विराजमान परमभट्टारक ( सब प्रकार समर्थ पूजनीय ) श्रीमान् पृथ्वीमल्लदेव सान्तःपुरसपरिवार राजभवनस्थ महारानी प्रभृतिपरिवार र जनपदस्थ ग्रामकुटुम्ब परिवार सहित सकुमार ( युवराज आदि राजकुमार ) समेत सर्वत्र विजयी छौं ॥ श्रीशाके १२८० श्रीसंवत् १४१५ मार्गशिर व. दि. सोमवार मा. राइको आदेस ( राजा पृथ्वीमल्लदेवको आदेश—आज्ञा ) छ।

---

[८]. श्रोतः नरहरीनाथ, **इतिहास प्रकाश संधिपत्र...**, **ऐजन,** पृ. ७६४, ७७०, ७७१

# परिशिष्ट ११

पृथ्वीमल्लपुत्र अभयमल्लको ताम्रपत्रको विवरणको छायाँप्रति ।[९]

### पृथ्वीमल्लपुत्र अभयमल्लको ताम्रपत्र

(४) ॐस्वस्ति ॥ अविकलभुवनभरोद्वहनधैर्यप्राचुर्यकीर्तिकदम्बेनेवाशेषकवलितकलेवरस्य नीहारगौरस्यानन्तस्येवापरं वपुरुद्वहतस्तुहिनगिरेर्नितम्बे वर्तमानामभिगालतदुकूलशंकामिवोद्वहन्त्या श्वेतसारिता सन्लङ्कृतपारसरप्रदेशामुदुम्बरपुरीमधिवसन्नतुलभुजबलविजितरिपुबलकामिनीजननयननिर्गतवारिपूरसुदूरसमुत्सारितमत्सराक्षितिपतिप्रतापानलः प्रचण्डभुजदण्डकुण्डलितकोदण्डखण्डनिः सृतशरनिकरप्रवाहजर्जरीकृतारिभूधराब्धुरसहरणबालगोपालः काम्बोजवानायुजबाल्हीकपारसीकाद्युद्गतावरत्नसंघसाहरसमुद्रः शबलसामन्तमण्डलीमौलिमण्डितचरणसरोजः सपरिवारः श्रीमानभयमल्लश्चिरं जयतु ॥ श्रीशाके १२६८ फाल्गुनवदि ७ रवौ । राइको आदेस ॥

### (अनुवाद)

ॐ स्वस्ति ॥ सकल भुवनको भार वहन गर्ने धैर्यका प्रचुरताले भएका कीर्तिसमूहले अशेष व्याप्त गरे जस्तो हिउँले गोरो-शरीर भएका शेषनागको अर्को शरीर धारण गरेजस्ता हिमवान् (हिमाल) का कटीप्रदेशमा वर्तमान, तल झरेका सेता दुकूलको शङ्का उत्पन्न गर्ने श्वेतसरित्–सेतीगङ्गाले अलङ्कृत वरिपरिको प्रदेश भयेकी उदुम्बरपुरी-डुम्राकोट डाटीमा अधिराज भयेर वस्ने, अतुल भुजबलले विजित शत्रुसैन्यकी कामिनी जनका नयनबाट निस्केका जलका भलले सुदूरपर्यन्त पुऱ्याइयेका. निमाइयेका मत्सरि क्षितिपतिहरुका प्रतापको आगो भयेका, प्रचण्ड भुजदण्डले कुण्डलित गरियेको कोदण्डखण्ड-अर्धचन्द्राकार धनुष्काण्डबाट निस्कीरहेका बाणहरुका समूहका प्रवाहले जर्जर पारेका शत्रु भयेका, शत्रुहरुले वर्षायेका बाणरूपी जलधाराको उपसंहार गर्ने पृथ्वी र पृथ्वीधर हिमवान्को भारधारण गर्ने गोवर्धन गिरिधारी बालगोपाल भयेका, काम्बोज वानायुज बाल्हीक पारसीक आदि देशहरुले उपहार गरेका उत्तम अश्व रत्न संघका धारक समुद्र भयेका, विभिन्न रङ्गरूपका बलिया सामन्तराजाहरुका मण्डलका मुकुटहरुमा भूषित चरण कमल भयेका, सपरिवार श्रीमान् अभयमल्ल चिरकाल पर्यन्त विजयी होउन् ।


श्रीशाके १२६८ फाल्गुनवदि बहलदिवा ७ सप्तमी रविवारका दिन राजाको आदेश ।

---

[९]. श्रोतः **ऐजन,** पृ. ७७२-७७३

# परिशिष्ट १२

पृथ्वीमल्लको पालाको कनकपत्र, शाके १२७८ को छायाँप्रति ।[१०]



पृथ्वीमल्लको पालाको कनकपत्र, शाके १२७८

(१) ॐ स्वस्ति॥ स्वस्तिकनंद्यावर्त श्री विशालचतुःशालसुधाधवलसौधोत्संगसंगतांगनासंगीतमनोहरे । हरहुंकाराशु
(२) शुक्षणिक्षपित ध्वनीककुसुमायुगन्धीवातु रमणीय रमणीकटाक्ष विक्षेपवारिवाह प्रमुदिततरुणजनमनः शिखावलापा ।
(३) र अपारसौरभ्यलुभ्यन्मधुकर मुखर सहकाराशोक पुन्नागसुरभितपरिसरे । श्रीमति सिंजानगरे ॥ गरुड ध्वजावतारा ।
(४) पार संसार सागरोत्तार सेतुभूतापघन श्रीघनाराधनाधिगतप्राज्यराज्यरक्षाक्षम प्रचंड निजभुजदंडकुंडलितकठिनकोदंड।
(५) निर्मुक्त निशितशरनिकरनिर्भिन्नाराति प्रतीकोच्छलत्क्षतजासवपानोन्मत्तोत्कटकटपूतनोत्तालबेतालकोलाहलकाहली ।
(६) कृतसमरधरणीमंडल। मंडलाधीशोपायनीकृतमत्तवेतंडगंडस्थलगलन्मदामोदमुदितमधुकरमधुरझंकार मुखरीता ।
(७) स्थाननिकेतनाजिर ।राजवलिनारायण, सूर्यचन्द्र विमुक्तोत्तमान राजभत्तार, सरस्वतीराजकंठाभरण, तंनिकार राज ।
(८) प्रथितनारद, परमभट्टारक महाराजाधिराजराजपरमेश्वर, राजतारातरणि श्रीमत्पृथ्वीमल्लदेवाः। सान्तःपुरपरिवाराः विजयिनः॥
(९) श्रीशाके १२७८ श्रावणसुदि १० शुक्रे राइको आदेस । (१०) दुलुंकुइना पलाता राकस्कोटका अधिकारि कार्कि खड्का बुढाथापा छिद्यांका
(११) अडेअधिकारि वियापारि साहानि सभौ प्रति । मेरिजन्यौ तिढोया । आरवर पढायाका प्रसाद गोल्ह जोइसिं कनकपत्रकि भाषा पसाक
(१२) रि अक्न्यॉ छु। आं १ गमोडिको द्योपाल भॅडारिका काढ्या खेत सहित । आ १ वॉजकोटको पुन्या पाटाकें चौथागॅ सहित पुरोकरि । आ१न
(१३) भजे धारगाडको विन्याकद्रतको । आ १॥ कुइना पाथर राशिको । । आ १ हेप्कोट लखुनाडा, खेतगॉबुको आ १ थिडबुॅ रिविपैंको । छि
(१४) द्यॉको जॉवुगॉउ १ इतिवृत्ति । पर्विलि आदित्यमल्ल राइका पुण्यमल्ल राइका तारादेइ गोसाइ तिपायहिमजिउँकि सूर्यग्रहण
(१५) चंद्रग्रहण संकल्प घालि पसाकरि अक्रि । असेल म पनि आचंद्रार्कस्थायी सर्ववाधाविनिर्मुक्त चतुःसीमापर्यन्त विशुद्ध सर्वकर
(१६) अकर सर्वसेवाविरहित, कनकपत्रकि भाषा करि, शासन दोहोलि करिं गोल्ह जोइसिं पसाकरि अक्न्या छ। डंड कुंड मोड अपुला

पृथ्वीमल्लको कनकपत्रको विवरण (क)

---

[१०]. श्रोतः सत्यमोहन जोशी, **कर्णाली लोक संस्कृति,** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान), २०२८, परिशिष्ट चित्रसूचीबाट ।

# परिशिष्ट १३

पृथ्वीनारायण शाहले एकिरणका समयमा लेखिएका किरात राईसँग सम्बन्धित केही विवरणका छायाँप्रतिहरु[११]



छ—

सुश्रीमन्नभिमानसिंहकृतिना जेत्रा किरातस्य त—
द्धर्म्यं रम्यतरं विनिर्मितमिदं सश्रीकमास्तां सदा ॥ ···
सिंह अभिमानजू, मन्त्री अति अवदात।
जिन जीत्यो है पलक मे, नव लख देश किरात ॥ ३ ॥

( संस्कृतसन्देश १।५ मा योगी नरहरिनाथ-
द्वारा यो प्रकाशित भएको छ। )

[ किरात प्रदेश विजय गरेका कुशल श्रीअभिमानसिंहले बनाउन लाएको यो राम्रो घरमा सधैँ लक्ष्मीको वास भइरहोस्।

अति पवित्र मन्त्री अभिमानसिंह हुनुहुन्छ। जसले चाँडै नै नौलाख किरात देश जित्नुभयो। ]

धौकलसिंहको नारायणहिटीको वि. सं. १८५० को अभिलेखमा यस्तो लेखिएको छ—

मेधावी ह्यभिमानसिंहसचिवो दाता महाधार्मिकः
यो भिल्लान् बहलान् हलाहलबलान् भल्लादिभिर्ध्वंसयन्
हालामापिबतः किरातमजयद् देशं समस्तं हठात् ॥

( संस्कृतसन्देश १/५ मा योगी नरहरिनाथ-
द्वारा यो प्रकाशित भएको छ )

[ बुद्धिमान्, दानी, धर्मात्मा काजी अभिमानसिंह हुनुभयो। ]

उहाँले बिखालु अस्त्रशस्त्रले प्रहार गर्ने मद खाएर चूर भइरहेका धेरै भिल्ल ( किराती )हरूलाई भाला आदि अस्त्रशस्त्रले ध्वस्त पारेर सबै किरात देशलाई बलैले जित्नुभयो। ]

संपुटमा वि. सं. १८२६ भाद्रमा माझकिरात तथा वि. सं. १८३० भाद्रमा विजयपुर अंवल भयो भनी लेखिएको छ। ( यही ग्रन्थको ५०१ पृष्ठ हेर्नुहोस्। ) अभिमानसिंह र पारथ भंडारीले हरिनन्द उपाध्याय पोखरेललाई

[११]. श्रोतः नयराज पन्त, **श्री ५ पृथ्वृनारायण शाहको उपदेश,** (ललितपुरः जगदम्बा प्रकाशन, (खण्ड तीन), ...? पृ. ९१५-९१७

पठाएको वि. सं. १८३० फाल्गुनशुक्ल १५ को पत्रमा चौदंडी अम्वल भइसकेको र विजयपुरचाहिँ अम्बल गर्न बाँकी नै रहेको कुरा परेको छ। वि. सं. १८३१ आश्विनवदि ३० रोज ४ मा पृथ्वीनारायण शाहले अभिमानसिंहहरूलाई पठाएको पत्रमा मात्र विजयपुर जितिसकेको कुरा परेको छ। (यी पत्र तल आउँदैछन्।) यसरी वि. सं, १८३० फागुनदेखि वि. सं. १८३१ आश्विनसम्मको ६ महीनाभित्रको समयमा विजयपुर अम्वल भएको देखिन्छ। यस कारण वि. सं. १८३० को भाद्रमा विजयपुर अंबल भयो भने संपुटको भनाइ अशुद्ध देखिन्छ।

ऐ. शि. बाबुराम आचार्यले सङ्ग्रह गर्नुभएको तिथिमितिविषयक टिपोटमा यस विषयमा यस्तो लेखिएको छ—

"वि. सं. १८३० श्रावण ४ गते चौदंडी राजधानी गोरखालीले दखल गरे। वि. सं. १८३१ श्रावण ५ गते कोसी पार भई विजयपुर राजधानी दखल गरे। राजा कर्णसेन, चौ. बुधकर्णहरू भागे। सेनापति अभिमानसिंह रानाकुँवर अंवरसिंह थापा पारथ भंडारी।"

यस विषयमा विशेष विचार गर्नु छ।

"सन् १७७३ (वि. सं १८३० आ.) सालमा कहरसींग टाकुरले ※ हाँकिएको एक गोरखा सेनाले झांगा झोली (वर्तमान उदयपुर गढी)-मा चढाई गरे। यस लडाईंमा पनि किराती फौजका सरदार साइकइयान सेरिङ्ग मारिनाले सारा किराती फौजको बेपत्ता भयो। झांगा झोली सर भयो। त्यस बखत माझकिरातको पामाखाम र राबाखोलामा अटल राय र चतमे राय नामक दुइ किराती सरदारहरू अपुंगे राजा भई राज गर्दै थिए। झांगा झोली सर भएपछि कहरसींगका सेनाले पामाखान दरबारमा छापा मार्‍यो। अटल राय डरलाग्दो गरी लडे, तर आफ्नो सामर्थ्य कम भएको हुनाले ती पामाखाम दरबार छाडी भागे औ पिखुवा घाटमा एउटा ठूलो फौज जम्मा गरी तिनले शत्रुको सामना गरे।

※ कहरसिंह होइनन्, अभिमानसिंह हुन्। (यही टिप्पणी हेर्नुहोस्।)

तर त्यहाँ पनि विजयलक्ष्मी शत्रुपक्ष भएकोले अटल राय हारे, तर उनले शत्रुको पिछा छोडेनन् । पिखुवाघाट, कुयेलघाट, सभायाघाट, सतिघाट र दिंगलाको लेकमा किराती फौजले शत्रुको साम्ना गरे । तर अटल रायको केही जोर नचल्दा उनी भागी मधेस पसे. अटल रायको राज्य गोरखाको अमल भयो । यसपछि गोरखा सेनाले रावाखोलाको चम्मेरायमाथि हमला गरे । चम्मेरायले आपनो गाउँले उठाई रावाघाटमा शत्रुको साम्ना गरे, तर अभाग्यवश शत्रुसेना बलवन्त भएको हुनाले युद्धक्षेत्र छोडी भागे । रावा दरबार शत्रुको हात लाग्यो ।

यी दुइ मुलुक सर भएपछि गोरखाका राजाले निम्नलिखित गाउँहरूमा यस ढङ्गको पुर्जी पठाए × ।

माफकिरात अम्बल भएपछि गोरखाली सेनाले अरुण वार पल्लो किरातमाथि चढाई गरे । यस बेला अरुण वार दस लिम्बू सत्रह थुममा जम्मा १२ जना नामी सुब्बाहरू थिए । यिनीहरूमध्ये विजयपुरका सुब्बा बुद्धकर्णले कर्णसेनलाई दरबारमा राखी आफू मोरङका मन्त्री या चौतरिया भई बसेका थिए । श्रीजङ्ग राय अठराईका, श्रीफुङ्ग राय पाँचथरका, श्रीजमुन राय चौबिसका, श्रीआतहाङ्ग राय फेदापका, श्रीशुभवन्त राय तम्बर खोलाका, श्रीरैनसींग राय मेवाखोलाका, श्रीदेव राय मैवाखोलाका, श्रीयङयाहादाङ्ग राय याङरोकका, श्रीसुनुहाङ छथरका, श्रीआसदेव चारखोलाका र श्रीजसमुखी चैनपुरका सुब्वाहरू थिए ।

ले. क. मेन्सीटर्टले उनको "गोरखा" नामक पुस्तकमा गोरखा आक्रमणको अघि अरुण पूर्वमा विजयपुर, मकवानपुरका हिन्दू राजाहरूका अधीन सामन्त प्रथा बमोजिम राज गर्ने जो लिम्बू राजाहरू थिए भनी लेखेका छन्, सो यिनै उपरोक्त सुब्बाहरू हुन् । क. मेन्सीटार्टको यो प्रमाण सबै साँचो हो भन्न गाह्रो छ कारण कति सुब्बाहरूले उपरोक्त हिंदू राजाहरूसित सम्बन्ध नराखी स्वतन्त्र राजा भएको धेरै भइसकेको थियो ।

कहरसींगका गोरखासेनाले झाङ्गाझोली पामाखाम र रावा मुलुकहरू सर गरेपछि फेदापमाथि आक्रमण गरे । तर फेदापका सुब्बा आतहाङ्ग रायको

× यो पत्र तल आउदैछ ।

# परिशिष्ट १४

पृथ्वीनारायण शाहले जङ्ग राईहरुलाई लेखेको चिट्ठीपत्रको छायाँप्राति ।[१२]



[ ६५ संख्या ]

## श्री ५ पृथ्वीनारायण शाहले जङ्ग राईहरूलाई लेखेको पत्र

स्वस्तिश्री गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव - ळिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्री ५ महाराजापृथ्वीनाराय - णसाहीवहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्—

स्वस्तिश्रीराजभारसामर्थ श्री जङ्ग राय श्रीपुङ्ग राय श्रीजमुना रायके सव लिम्बु रायके आशिषपूर्वक पत्रमिदम्. यहाँ कुशल ताहाँ कुशल चाहिंए. आगे यहाँको समाचार भलो छ.

उप्रान्त तिमीहरूलाई हिजो जति पिच्छा वविसयको त्यो मुलुक आज हाम्रो प्रतापले हाम्रो भयो त तिमीहरू पनि हाम्रै छौ. तिमीहरूका जाँहाँनको पिछा हामिले लियौं. जस जस जम्मा जम्मा गराई दवाई खाई पाई आयाका थियौ. सो सकल मुलुकको सम्भार गर. अरू नौं लाख राईपट्टि होइन. क्या अर्थले हो भन्या अरु राजालाई मासने हो. तिमीहरू आफ्ना भाइ वा लिम्बु घराई लिकन अब पिछा वक्स्यौं.

इति संवत् १८३१ वैशाषवदि ३० रोज शुभम्

व्याख्या —

वि. सं. १८३१ वैशाख १ गते पृथ्वीनारायण शाहले जङ्ग राईहरूलाई यो पत्र लेखेका हुन् ।

चौदण्डीराज्यमा आफ्नो अधिकार भएपछि गोरखाली भारदारहरू विजयपुर विजय गर्ने तयारीमा लागे । विजयपुर राज्यको

सु. प्रेमबहादुर लिम्बुविरचित 'संक्षिप्त नेपाल इतिहास'को २७३ पृष्ठमा यो छापिएको छ ।

---

[१२]. श्रोतः **ऐजन**, पत्र संख्या ६५, पृ. ११७९-११८०

राजधानी तराईभेकमा विजयपुरमा थियो। वर्णसेनलाई गद्दीमा राखी बुद्धिकर्ण राई त्यहाँ बसी शासन गर्न लागेका थिए। पहाडी भाग पल्लो किरातमा अनेक राई सुब्बाहरू शक्तिशाली भइरहेका थिए। यिनीहरूलाई हात लिन पाए विजयपुर कब्जा गर्न सजिलो हुने हुनाले पृथ्वीनारायण शाहले यसका लागि चेष्टा गरे। यसमा उनी केही सफल पनि भए। अठराई प्रदेशका जङ्ग राई, पाँचथर प्रदेशका फुङ्ग राई, चौबीस प्रदेशका जमुना राई आदि केही राई सुब्बाहरू पृथ्वीनारायण शाहसंग मिलन आए ❀। तिनीहरूलाई शरण दिई यो पत्र पृथ्वीनारायण शाहले लेखिदिएका हुन्। तिनीहरूका सारा परिवारको समेत रक्षा गर्ने, तिनीहरूले खाई पाई आएका अधिकार कायम राखिदिने आदि वचन यहाँ दिइएको छ।

पल्लो किरातमा शक्तिशाली केही राईहरूले चाहिं पृथ्वीनारायण शाहसंग मिलन आउन मञ्जूर गरेनन्। उनीहरू पृथ्वीनारायण शाहसंग लड्ने तयारीमा लागेका देखिन्छन्। यसै हुनाले पृथ्वीनारायण शाहले 'तिमीहरूलाई मात्रै पिछामा लिई यो अधिकार दिइएको हो, नौलाख राईपट्टिलाई चाहिं होइन, उनीहरूलाई मार्ने हो' भन्ने आशयको कुरा यहाँ बोलेका छन्।

यतातिरका ऐतिहासिक सामान कम प्रकाशमा आएका हुनाले यतातिरका घटना ठीक ठीकसंग बुझ्न गाह्रो छ। यिनै प्रकाशमा आएका अलिकता सामानको आधारमा यताका कुरा जोड्नु परेको छ।

यस पत्रमा परेको तिथिमिति यस प्रकारको छ—

वि. सं. १८३१ वैशाखकृष्ण ( पूर्णान्तमानले )

| तिथि | बार | घडी | पला | |
|---|---|---|---|---|
| अमावास्या | [आदित्य] | ५७ | २८ | वैशाख १ गते |

( पात्रोबाट )

---

❀ यही ग्रन्थको ६१७ पृष्ठ हेर्नुहोस्।

# परिशिष्ट १५

पृथ्वीनारायण शाहले योगी भगवन्तनाथलाई लेखेको पत्र संख्या ७० को केही अंशको छायाँप्राति ।[१३]



थिएन । यसो हुनाले कहिलेकहीं मिली गोरखामा आक्रमण गरिहाल्थे तापनि सो मेल धेरै काल स्थायी हुँदैनथ्यो । साना साना कुरालाई लिई उनीहरू आफुसआफुसमै लड्न शुरू गरिहाल्थे । यस्तो अवस्थामा उनीहरू गोरखासंग गुहार माग्न पुग्थे । पृथ्वीनारायण शाह मौका हेरी कहिले गुहार दिई, कहिले लोलोपोतो गरी यिनीहरूलाई आफ्नो विरूद्ध उठ्न नदिने चेष्टा गरिरहन्थे ।

यहाँ पहिलो पत्रमा पर्वत कास्की लमजुङ्को लडाइँ भएको र गोरखाले कास्कीलाई गुहार दिने विचार गरेको कुराको उल्लेख परेको छ । दोस्रो पत्रमा लमजुङ कास्की दुवैसंग लोलोपोतो गरी काम लिएको उल्लेख परेको छ ।

बाईसी राजाहरूलाई आफ्नो पक्षमा मिलाउन पाए चौबीसीहरूलाई कँठ्याउन केही मद्दत पाइने हुनाले जुम्ला, जाजरकोट, सल्लयान आदि राज्यमा पृथ्वीनारायण शाह सौगातसाथ आफ्ना दूत पठाइरहन्थे । तर चौबीसीहरूले बाटोघाटो रोकिदिने हुनाले ती राज्यमा दूत पठाउन असुविधा पर्थ्यो । गोरखाको उत्तरी भेक भोटसंग जोडिएको हुनाले गाह्रो बाटो भए पनि भोट भेकबाट दूत सौगात जुम्ला पठाउने कुरा यहाँ प्रकट गरिएको छ ।

चौदण्डी राज्यको राजधानी कब्जा गरेपछि पनि त्यसको सम्पूर्ण पहाडी भाग कब्जा गर्न गोरखाली सेनालाई गाह्रो भएको थियो । पछि ठूलो लडाइँ भएपछि मात्र अरुण साँध लाग्न सक्यो भन्ने कुरा यहाँ पहिलो पत्रमा उल्लिखित "हजार एक वैरी काटियो. सये चार वैरी नदीमहा बगी मर्‍यो. सय चौध जहान बचा पकडिया. बल्लो किरात फत्ते भयो." यी वाक्यबाट थाहा पाइन्छ ।

यसको केही कालपछि गोरखाली सेनाले विजयपुरमा आक्रमण गर्‍यो । विजयपुरमा त्यति ठूलो लडाइँ भएन । त्यहाँका राजा कर्णसेन, शक्तिशाली मुख्य मन्त्री बुद्धिकर्ण राई र अरू धेरै

[१३]. श्रोतः **ऐजन**, पृ. ११९१-११९२

मुख्य मानिसहरू भागे। तिनमा केही सुखीम (सिक्किम)मा शरण पर्न गए, केही मुगलान पसे। यति भएपछि किरातप्रदेश जम्मै पृथ्वीनारायण शाहको अधीन भयो। अब सुखीमसंग साँध जोडियो। सुखीम पसेका विरोधी किरातीहरूले पछि फेरि गडबडी मच्चाउने संभावना थियो। यसैले सुखीमसंग सन्धि गरी भागेकाहरूलाई फिर्ता गराई तिनीहरूलाई आफ्नो काबूमा ल्याउने, सुक्किमले तिनीहरूलाई फिर्ता गर्न मञ्जूर नगरे सुखीमसंग पनि लड्नुपरे लड्ने विचार पृथ्वीनारायण शाहले यहाँ दोस्रो पत्रमा प्रकट गरेका छन्।

राजकाज राम्ररी चलाउन आफ्नो देशको वरिपरिका आफूमा कुनै प्रकारले असर पर्न सक्ने देशको अवस्थासंग परिचित भई आफ्नो देशको हित हुने ढङ्गले तिनीहरूसंग सम्बन्ध राख्नुपर्छ। यी पत्र लेखिएको ताका पृथ्वीनारायणशाहको राज्यको पश्चिमपट्टि चौबीसी बाइसी, उत्तरतिर भोट, पूर्वतिर सुखीम राज्य थिए। दक्षिणतिर भारतमा मुसलमानी शक्तिको ह्रास र अंग्रेजी शक्तिको उदय भइरहेको थियो। कलकत्ता र पटना त्यसताका अंग्रेजहरूको मुख्य स्थलमा पर्दथे। पृथ्वीनारायण शाहले यी विभिन्न राज्यमा आफ्ना दूत पठाएको र तिनप्रति आफूले लिएको नीतिको छोट्करीमा चर्चा यहाँ दोस्रो पत्रको अन्त्यमा गरिएको छ।

यहाँ पहिलो पत्रको उठानमा पृथ्वीनारायण शाह बिरामी भएको उल्लेख परेको छ। तर आराम लिएर त्यसै बस्ने खालको उनको मनःस्थिति थिएन। यस कारण केही सञ्चो हुने बित्तिकै फेरि राजकाजमा उनी लागिहाले। उनको मन पूर्ववत् दृढ थियो तापनि शरीरले चाहिँ अब उनलाई साथ दिन छोडेको आभास यताबाट पाइन्छ।

यहाँ दोस्रो पत्रको उठानमा पृथ्वीनारायण शाहका नाति जन्मी चाँडै मरेकाले उनको मनमा चोट परेको कुराको उल्लेख परेको छ। पृथ्वीनारायण शाहका अर्का नाति रणवहादुर शाहक

# परिशिष्ट १६

पृथ्वीनारायण शाहले अभिमानसिंह वस्नेतलाई लेखेको पत्रसंख्या ७१ को केही अंशको छायाँप्राति ।[१४]



[illegible]राउनानिमित्त कनकापारिका प्रदेश कब्जा गर्न नहत्पताउनू, मिलाउनू। सुखीमले अहिलेको हाम्रो विजयलाई स्वीकार गरेन उससंग लडाइँ खोल्नू भनी यहाँ पृथ्वीनारायण शाहले [illegible]एका छन्। तर सुखीम राज्यको पुरानो सीमाचाहिं अलिकता मिच्नु छैन तथा माथि भोटभेकमा पनि चार अंगुल पनि मिची [illegible]डि बढ्नु छैन, त्यहाँका प्रजालाई कत्ति दुःख नदिनू, ल्हासासंग [illegible] गए बढिया हुनेछैन, यस कारण यस कुरामा राम्ररी दृष्टि [illegible]नू भनी यहाँ जोड दिइएको छ ।

विजयपुरका भूतपूर्व चौतारा बुद्धिकर्ण राई किरातप्रदेशमा प्रभाव फैलिएका व्यक्ति थिए। यस वेलासम्म उनी पक्रिएका थिएनन् । उनले भिन्नभिन्नबाट किरातीहरूलाई भड्काई विद्रोह मचाउने सम्भावना हुँदा उनलाई सिद्ध्याउनु आवश्यक थियो। यसो हुनाले केही जुक्तिले सिपाही कमाई हजार बाह्र शयसम्म खर्च गरेर भए पनि बुद्धिकर्ण राईलाई सिद्ध्याउने काम गर्नू भनी यहाँ अह्राइएको छ तथा बुद्धिकर्ण राईको हात्ती राम्रो छ रे, माहुते कमाई सो हात्ती हात लाउने काम गर्नू भनी यहाँ अह्राइएको छ ।

बुद्धिकर्ण राईलाई पक्रनाका लागि अभिमानसिंह बस्नेतहरूले निकै कोशिश गरे। तर तत्काल उनलाई पक्रन सकेनन। वि. सं. [illegible]४ मा मात्र मुगलानाबाट उनलाई पक्रेर ल्याउने काम पूरा हुन [illegible]यो ❀ ।

विजित प्रदेशको आम्दानीले त्यहाँका आफ्ना सेनाको र [illegible]लगती खर्च पनि चलाउने नीति गोरखालीहरूको थियो भन्ने [illegible] यस पत्रबाट स्पष्ट बुझिन्छ। यी काम चलाई उब्रेको धन [illegible]धानी दाखिल हुन्थ्यो भन्ने कुरा पनि यस पत्रबाट देखिन्छ।

---

❀ इतिहास–प्रकाश १/१ को १४ पृष्ठ हेर्नुहोस् ।


---

[१४]. श्रोतः **ऐजन**, पृ.११९७

# परिशिष्ट १७

लालश्याँकुरेल रापचाका अनुसार भाषा वृक्षमा किरात भाषाहरु

**(क) भाषा वृक्ष १**





---

[१५]. श्रोतः लालश्याँकुरेल, रापचा, **वल्लो किराँतका किराँती भाषाहरुको तुलनात्मक अध्ययन,** अनुसन्धानात्मक कार्यपत्र, (काठमाण्डौं: रिसर्च इन्स्टिच्युट फर किराँतोलोजी), २०६३, पृ. २० (अप्रकाशित) ।

[१६]. छुट थपिएको ।

## (ख) भाषावृक्ष २

वल्लो किरात, माझ किरात र पल्लो किरात क्षेत्रहरुमा बोलिने सवै किराँती मातृभाषाहरु र संभावित समूहः[१७]




---

[१७]. श्रोतः **ऐजन**, पृ २१

# परिशिष्ट १८

किरात राई समुदायभित्रका विभिन्न जातिहरुको भाषा अनुसार ती भाषा बोल्नेहरुको संख्या[१८]:

| मातृभाषा | संख्या | प्रतिशत |
|---|---|---|
| १. बान्तवा | ३७१०५६ | १.६४ |
| २. चाम्लिङ्ग | ४४०९३ | ०.२० |
| ३. कुलुङ्ग | १८६८६ | ०.८० [०.०८] |
| ४. थुलुङ्ग | १४०३४ | ०.०५ [०.०७] |
| ५. साङ्गपाङ्ग [साम्पाङ्ग] | १०८१० | ०.०५ |
| ६. खालिङ्ग | ९२८८ | ०.०३ [०.०४] |
| ७. दुमी | ५२७१ | ०.०२ |
| ८ एम्मुले ... | ४४७१ | ०.०२ |
| ९. पुमा | ४३१० | ०.०२ |
| १०. नाचिरिङ्ग ... | ३५५३ | ०.०२ |
| ११. बाहिङ्ग | २७६५ | ०.०१ |
| १२. कोयी | २६४१ | ०.०१ |
| १३. याम्फू | १७२२ | ०.०१ |
| १४. छालिङ्ग .. | १३१४ | ०.०१ |
| १५. लोहरुङ्ग | १२०७ | ०.०१ |
| १६. मेवाहाङ्ग | ९०४ | ०.०० |
| १७. तिलुङ्ग | ३१० | ०.०० |
| १८. जेरुङ्ग | २७१ | ०.०० |
| १९. दुङमाई ... | २२१ | ०.०० |
| २०. लिङखिमम | ९७ | ०.०० |
| २१. साम | २३ | ०.०० |
| २२. छिन्ताङ | ८ | ०.०० |

[१८]. श्रोतः नेपाल सरकार, **नेपाल जनसंख्या प्रतिवेदन,** (काठमाडौंः स्वास्थ्य तथा जनसंख्या मंत्रालय जनसंख्या महाशाखा), २०६४, पृ. ६२-६३

# परिशिष्ट १९

# मौखिक प्रश्नावलीका नमूना

यो शोधकार्य संपन्न गर्नका लागि विभिन्न व्यक्तिहरुसँग अनुसन्धानसँग सम्बन्धित आवश्यक जानकारी लिन सामान्य र विशेष अन्तरवार्ता लिनका निम्न लिखित प्रश्नवालीहरु अपनाइएको थियोः-

उत्तरदाताको विवरणः

१. नामः-................................२. उमेरः-.................................

३. लिङ्ग :-................................४. ठेगानाः-.........................

५. पेशाः-................................६. सामाजिक हैसियतः-...................

**१. वृद्ध वृद्धाहरुसँग सम्वन्धित प्रश्नहरु :**

क) किरात राईहरुको बारेमा तपाइलाई के के थहा छ ?

ख) किरातहरुको उत्पत्ति कसरी भयो होला ?

ग) राई शब्दको अर्थ के हो ? केही बताउन सक्नु हुन्छ ?

घ) किरात साम्पाङ राईहरुको उत्पत्ति र अर्थ बारे बताई दिनु हुन्छ की ?

ङ) साम्पाङ राईहरु यस स्थानमा कहाँबाट कसरी आए होला ?

च) यस ठाउँमा यो जातिको प्राचीन स्थीति कस्तो थियो होला ?

छ) प्राचीनकालमा साम्पाङ राई कसरी जीवन गुजारा गर्थे भन्ने बारे केही बताई दिनु हुन्छ ?

ज) पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्नुपूर्व यहाँको राज्य व्यवस्था कस्तो थियो भन्ने सुन्नु भएको छ ?

झ) त्यो राज्य एकीकरणपछि यो समाजमा कस्तो असर पऱ्यो र कसरी सामाजिक अवस्था चल्दै आएको सुन्नु भएको छ ?

ञ) साम्पाङ राईजातिमा हुने पाछा, साम्मे के के हुन्छ र यस्को अर्थहरुको बारेमा केही जानकारी दिन सक्नु हुन्छ ?

ट) तपाईले बुझेसम्म साम्पाङ राईहरुमा हुने जन्म, विवाह, र मृत्यु संस्कारहरु के कस्ता विधिहरु अपनाएर पूरा गर्नु पर्दछ ? सवै बताई दिन सक्नु हुन्छ ?

ठ) हरेक संस्कारहरुमा आफ्नै भाषा आवस्यक पर्दछ भन्छि किन होला ?

ड) साम्पाङ राईहरुले मान्ने चाडपर्वहरु के के हुन् ?

ढ) आफ्नो जातिगत संस्कारहरु लोप हुने अवस्थामा छ भन्ने बुझिन्छ यसलाई बचाई राख्न के के गर्नु पर्छ होला ?

ण) अहिलेका युवाहरु आफ्नो परम्परागत मान्यतालाई कतिको ध्यानपूर्वक मानेको देख्नुहुन्छ ?

त) साम्पाङ राईहरु अहिले कहाँ कहाँ बसोबास गरेको थहा पाउनु भएको छ ?

**२. कुवी तथा तायमीसँग सम्बन्धित प्रश्नहरु :**

क) यो संसारको उत्पत्ति कसरी भयो होला ?

ख) मानव उत्पत्तिबारे केही बताई दिन सक्नु हुन्छ कि ?

ग) मानवको जन्म, विवाह, मृत्यु सम्बन्धि गर्नु पर्ने संस्कारका मान्यताहर के के हो ?

घ) नागा, छम्मधम् जस्ता पितृ पूजाको अर्थ के हो ?

ङ) नागा तथा छम्मधम् गर्ने प्रकृयाहरु कस्ता कसता हुन्छन् ?

च) हरेक उँधौली र उँभौलीमा भूमे पूजा गर्नुका कारणहरु के के हुन सक्दछ ?

छ) साम्पाङ राईहरुको प्रमुख इष्टदेवहरु के के हुन र कसरी मान्नु पर्दछ ?

ज) हाइखुवा पूजा र साम्खाई पूजा भनेको के कस्ता अर्थमा गरिने पूजाहरु हुन् ?

झ) अन्तर जातीय विवाह गरिएको महिला र असहज रुपमा मृत्यु वरण गर्नेहरु मृत्युपछि कुलमा नजानुको कारण के हो ?

ञ) उँधौली र उँभौली तथा नयाँ अन्न बाली पाकेपछि पितृ पूजा गर्नु पर्ने अर्थ के के होला ?

ट) तीन प्रकारको कुवीहरु हुन्छ भनिन्छ उनीहरुको मान्यता के के हुन्छ ?

ठ) हरेक प्रकारको संस्कारहरुमा तीन चुल्होलाई मान्नुको अर्थ के होला ?

ड) साम्पाङ राईहरुको उत्पत्ति कसरी भयो होला ?

ण) सिद्ध बाजेको मन्दीर र थानी देवीहरुको मन्दीर बारे केही बताई दिनु हुन्छ की ?

त) घर बनाएपछि चुल्हो गाड्ने प्रकृया सम्बन्धमा जानकारी दिनु होस् ?

थ) पितृपूजाहरुमा सखेवा घुम्ने भन्छ यो भनेको के हो ?

**३. युवा युवतिसँग सम्बन्धित प्रश्नहरु :**

क) तपाइलाई साम्पाङ राईहरुको संस्कार संस्कृति बारे के कति जानकारी छ ?

ख) आफ्नो परम्परागत मान्यतामा रहेको यस्ता विभिन्न संस्कार संस्कृति तथा धर्मलाई रुढिवादि मान्नु हुन्छ कि सत्यता मान्नु हुन्छ र किन ?

ग) यस प्रकारको जातीय मान्यताका कुराहरुलाई बचाउन आवस्यक छ कि छैन ?

घ) आफ्नो संस्कारहरुलाई बचाउन र अनावस्यक मान्यतामा परिवर्तन ल्याउन के के गर्नु पला ?

ङ) तपाई परम्पारगत मान्यतामा आधारित वैवाहिक सम्बन्ध र अन्तरजातीय मान्यता कुनमा विश्वास गर्नु हुन्छ र किन ?

च) अहिलेका प्रायः युवाहरु आफ्नो धर्म परम्परागत मान्यता भन्दा अन्य धर्मका मान्यताहरुमा आकर्षित भएको पनि देखिन्छ यस बारे तपाईको मत के छ ?

ज) तपाई आफ्नो भाषा बोल्न सक्नु हुन्छ ?

झ) अब साम्पाङ राईको जीवन शैलीमा आधुनिकता ल्याउन के के गर्नु पर्दछ भन्ने देख्नु भएको छ ?

ञ) परम्परागत पेशा व्यवसायलाई नयाँ  र उन्नत प्रविधि अपनाउन सरकार र स्थानीयबासीले के कस्ता भूमिका निर्वाह गर्नु पर्ने देख्नु हुन्छ ?

ट) केही पढेलेखेका युवाहरुलाई सरकारले उचित रोजगारीको व्यवस्था गर्न सकेको छ ? अबको अवस्थामा शिक्षा र रोजगारीको लागि सरकारबाट कस्तो अपेक्षा राख्नु हुन्छ ?

ठ) वैदेशिक रोजगारमा जान र स्वदेशमै बसेर उद्यम गर्नुमा कुन उयुक्त ठान्नु हुन्छ ? र किन ?

ड) अहिले सवैजसोको आकर्षण शहर बजारतिर बढ्दै गएको छ यसलाई व्यवस्थापन गर्न वा गाउँघरलाई पनि उपयुक्त स्थानको रुपमा स्थापित गर्न युवाहरुको कस्तो भूमिका देख्नु हुन्छ ?

ढ) वर्तमान राजनीतिक र विगतको राजनीतिक प्रभावबाट गाउँ समाजमा के कस्तो असर परेको पाउनु भएको छ ? र आगामी भविष्य कस्तो परिकल्पना गर्नु भएको छ ?

ण) समग्रमा शिक्षा, स्वास्थ्य, रोजगारी, कृषिमा आधुनिकिकरण, गर्दै आफ्नो भाषा, संस्कार, धर्म, मूल्य मान्यताहरुलाई समेत संरक्षण गर्दै जीवन शैलीलाई सहज गर्नमा स्थानीयवासी र सरकारको कस्तो भूमिका हुनु पर्छ भन्ने मान्नु हुन्छ ?

यस प्रकारका प्रश्नावलीहरुबाट सामान्य अन्तरवार्ता लिई जानकारी खोज्दा सवै कुराहरुको जानकारी राम्ररी आउन नसकेका विषयहरुमा विशेष अन्तरवार्ताको माध्यमबाट पनि आवश्यक जानकारीहरु संकलन गरिएको थियो । यस्ता विशेष अन्तरवार्ताका लागि छनौट गरिएका निम्न व्यक्तिहरुलाई २०६५-  २०६७ सम्मका विभिन्न मितिहरुमा अन्तर्वार्ता लिएका व्यक्तिहरुको विवरण निम्नानुसार रहेका छन् :

| क्र. सं. | व्यक्तिको नाम र उमेर | लिङ्ग | पेशा | ठेगाना | हैसियत |
|---|---|---|---|---|---|
| १. | पहलमान राई (८६ वर्षीय) | पुरुष | कृषि | जि.खोटाङ, | संस्कारका जानकार |
| २. | देवानसिं राई (७६ वर्षीय, हाल स्वर्गीय) | " | " | वासपानी-५ | कोंकोदे |
| ३. | कर्णबहादुर राई (५२ वर्षीय) | " | " | ऐ. ऐ. | कुवी |
| ४. | नन्दबहादुर राई (७० वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| ५. | रामशंकर राई (७० वर्षीय) | " | " | ऐ. ऐ. | समाजसेवी |
| ६. | मंगलधन राई (८८ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| ७. | राजकुमार राई (३४ वर्षीय, हाल स्वर्गीय) | " | " | ऐ. वडा नं. ३ | मुक्तिमी कुवी |
| ८. | निरकुमार राई (६५ वर्षीय) | " | " | ऐ. वडा नं. ४ | कुवी |
| ९. | बखतबहादुर राई (६८ वर्षीय) | " | " | ऐ. वडा नं. ९ | कुवी |
| १०. | दीर्घसिं राई (८५ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| ११. | बनारसिला राई (७० वर्षीय) | स्त्री | " | ऐ. ऐ. | कुवी |
| १२. | तेजबहादुर राई (७५ वर्षीय) | पुरुष | " | ऐ. ऐ. | कोंकोदे |
| १३. | कुमारसिला राई (८८ वर्षीय) | स्त्री | " | ऐ. खार्तम्छा-३ | संस्कारबारे जानकार |
| १४. | पूर्णबहादुर राई (८७ वर्षीय) | पुरुष | " | ऐ. ऐ.-९ | संस्कारबारे जानकार |
| १५. | टीकाराम राई (८१ वर्षीय) | " | " | ऐ. ऐ.-८ | संस्कारबारे जानकार |
| १५. | नौधन राई (७२ वर्षीय) | " | " | ऐ. ऐ. | समाजसेवी |
| १६. | बाग्धन राई (६८ वर्षीय) | " | " | ऐ. फेदी-२ | समाजसेवी |
| १७. | रत्नबहादुर राई (८७ वर्षीय, हाल स्वर्गीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| १८. | हस्तराम राई (५५ वर्षीय) | " | " | ऐ. वडा नं. ३ | तायमी |
| १९. | मौलधन राई (६० वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २०. | होमशेर राई (६५ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २१. | गोर्जबहादुर राई (७० वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २२. | अडिराम राई (७१ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २३. | शिवराज राई (५६ वर्षीय) | " | " | ऐ. वडा नं. ८ | कुवी |
| २४. | तीर्थमणी राई (७० वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २५. | जंगबहादुर राई (६६ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २६. | मौलधन राई (७३ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २७. | दैवकेशर राई (७० वर्षीय) | " | " | ऐ. ऐ. | समाजसेवी |

| | | | | | |
|---|---|---|---|---|---|
| २७. | छविराज राई (८० वर्षीय) | " | " | ऐ. पाथेका-३ | तायमी |
| २८. | बग्गीराम राई (७१ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| २९. | भोगीमान राई (८० वर्षीय) | " | " | ऐ. वडा नं. ५ | संस्कारबारे जानकार |
| ३०. | होममान राई (८१ वर्षीय) | " | " | ऐ. वडा नं. ८ | संस्कारबारे जानकार |
| ३१. | सोभियत राई (८० वर्षीय) | " | " | ऐ. वडा नं. ९ | संस्कारबारे जानकार |
| ३२. | भक्तमान राई (७८ वर्षीय) | " | " | ऐ. ऐ. | संस्कारबारे जानकार |
| ३३. | दलबहादुर राई (७१ वर्षीय) | " | " | हाल काठमाडौं | कुवी |